अनुसूची १

मौद्रिक नीतिमा उल्लेख भए बमोजिम यस बैंकको पत्रसंख्या बै.वि.नि.वि./नीति/परिपत्र/१/०६७/६८, मितिः २०६७/०४/२५ को परिपत्रको शाखा कार्यालय खोल्नेसम्बन्धी व्यवस्थाको उप बुदा नं. (ख) ३ बमोजिम

*(शून्य ब्याजदरको कर्जा तमसुकको नमूना)*

लिखितम धनीका नाम का.जि. का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे सो रकम ऋण लिने ऋणीको नाम ...................................केन्द्रीय कार्यालय रहेको........................................ लिमिटेडले नेपाल राष्ट्र बैंकबाट शून्य ब्याजदरमा कर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ................................................ ............. मात्र) कर्जा लिएको ठिक साँचो हो । उक्त कर्जा लिएको रकमबापत ऋणीले आफ्नो निम्न बमोजिमको बैंकले कर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुकलाई कर्जा सुविधाको लागि धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमको धितो विवरण तथा शर्तहरु र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको शर्त/मापदण्ड पालना गर्नेछौं । शर्तहरु पालना नगरेमा उक्त धितो तथा ऋणी बैंकको अन्य चल-अचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी बैंकको सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

तपसिल

शर्तहरुः

१. नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लाका सदरमुकाम तथा सदरमुकामभन्दा बाहिर स्थापना हुने शाखाहरुको लागि मात्र बैंक तथा वित्तीय संस्थाहरुले यो सुविधा उपयोग गरी संचालन खर्च प्रयोजनका लागि खर्च गर्न पाइने छ ।

२. शून्य ब्याजदरको कर्जा सुविधा अन्तर्गतको कर्जाको साँवा भुक्तानी कर्जा प्राप्त भएको मितिले ६ महिनाभित्र अनिवार्यरुपमा गर्नुपर्नेछ । कर्जा सुविधा भुक्तानी अवधि अघि नै पूर्व-भुक्तानी (Pre-payment) समेत गर्न सकिने छ । यो कर्जा उपभोग गरेका बैंक तथा वित्तीय संस्थाहरुले साँवा भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुलउपर गरिलिन र सो को खर्च (Debit) गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई दिइएको छ । यसमा पछि कुनै उजुरी वा दावी गरिने छैन ।

३. निर्धारित समयभित्र कर्जा भुक्तान नगरेमा भुक्तान हुन बाँकी रकममा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम ब्याजदर नै पेनाल ब्याजदर हुनेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको कुनै पनि खाता खर्च (Debit) गरी रकम असुलउपर गर्न सक्नेछ ।

४. शून्य ब्याजदरको यो कर्जाको सुरक्षणवापत नेपाल सरकारबाट जारी भएका ऋणपत्रहरु, र/वा सो संस्थाको यस बैंकको थापाथलीस्थित बैंकिङ्ग कार्यालय वा अन्य कार्यालयहरुमा प्रयोजन खुलाई वा नखुलाई खोलिएको बैंक खातामा रहेको मौज्दात रकम तथा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले कर्जा लिंदा तयार गरिएको कर्जा तमसुक ।

५. नेपाल राष्ट्र बैंकले प्रदान गरेको शून्य ब्याजदरको कर्जा सुविधाको सम्बन्धमा समय समयमा अन्य विवरण मागेको खण्डमा तोकिएको म्यादभित्र ऋणी बैंकले उपलब्ध गराउनु पर्नेछ ।

७. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सो बमोजिम नगरेमा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र अन्य प्रचलित कानून अनुसार सजाय भएमा मञ्जुरी छ ।

**नेपाल राष्ट्र बैंकको तर्फबाट**
**दस्तखत :**
**नाम :**
**पद :**
**छाप :**
**विभाग/कार्यालय :**

**बैंक/वित्तीय संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत**
**दस्तखत :**
**नाम :**
**पद :**
**छाप :**
**विभाग/कार्यालय :**

इति सम्बत् २०६.. साल ........... महिना .......गते रोज ....... शुभम्